बैठक संख्या:

श्रीः

आज मिति २०७७ साल बैशाख २९ गते दिनको ३:०० बजेट प्रमुख श्री धीरज शर्मा बस्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिती तथा भएका निर्णयहरु यस प्रकार छ ।

## उपस्थिति

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्रीः धीरज शर्मा बस्याल प्रमुख | प्रमुख |
| २. | | श्रीः मायादेवी पौडेल उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्रीः मोतिलाल सुनार वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ४. | | श्रीः दया दर्लामी वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ५. | | श्री रुद्र प्रसाद न्यौपाने वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ६. | | श्रीः रविन्द्रविक्रम हमाल वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ७. | | श्रीः रेश्मीराज भट्टराई वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| ८. | | श्रीः रोहीत थारु वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ९. | | श्रीः ध्रुव थारु वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १०. | | श्रीः कविराज आचार्य वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| ११. | | श्रीः चन्द्रकान्त चापागाई वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १२. | | श्रीः राजु मिश्र वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १३. | | श्रीः तीर्थराज फौज्दार वडाध्यक्ष, वडा नं. ११ | सदस्य |
| १४. | | श्रीः मानबहादुर मल्ल वडाध्यक्ष, वडा नं. १२ | सदस्य |

| | | | |
|---|---|---|---|
| १५. | | श्रीः नर बहादुर चौधरी वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १६. | | श्रीः केशवबहादुर खत्री क्षेत्री वडाध्यक्ष, वडा नं. १४ | सदस्य |
| १७. | | श्रीः बलबहादुर बलाल वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १८. | | श्रीः सुक बहादुर गुरुंग वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| १९. | | श्रीः ईशा सुनार | सदस्य |
| २०. | | श्रीः अम्बिका देवी उपाध्याय | सदस्य |
| २१. | | श्री कविता रायमाझी | सदस्य |
| २२. | | श्रीः बुद्धिमाया सुनार | सदस्य |
| २३. | | श्रीः प्रतिमाकुमारी चौधरी | सदस्य |
| २४. | | श्रीः वेचन प्रसाद ठाकुर (॥हजाम) | सदस्य |
| २५. | | श्रीः लल्लन प्रसादविन | सदस्य |
| २६. | | श्रीः लुकुडी चमार | सदस्य |
| २७. | | श्रीः मेघ नाथ पाध्या | सदस्य-सचिव |
| | | व्यवस्थापन टोली | |
| | | जंग मल्ल | रो. सं. |
| | | पुष्कर बाञ्जे | कं. प्र |
| | | माधव ज्ञवाली | |
| | | विष्णुमाल पुरी | |
| | | [illegible] बहादुर [illegible] जोशी | |

*प्रस्तावहरु:*

१. कोरोना भाइरस (कोभिड-१९) सतर्कता सम्बन्धमा ।
२. तेस्रो चरणको राहत वितरण सम्बन्धमा ।
३. रकमान्तर सम्बन्धमा ।
४. आय-व्यय सम्बन्धमा ।
५. भूमिहनी सुकुम्वासी र अव्यवस्थित वसोबासीको पहिचान, लगत संकलन र प्रमाणिकरण सम्बन्धमा ।
६. खेलमैदान निर्माण सम्बन्धमा ।
७. कक्षा-८ को परिक्षा सम्बन्धमा ।
८. प्रधानमन्त्री स्वरोजगार कार्यक्रम सम्बन्धमा ।
९. योजनाको म्याद थप गर्ने सम्बन्धमा ।
१०. आर्थिक सहयोग सम्बन्धमा ।

*निर्णय नं. १:*

प्रस्ताव नं. १ माथि छलफल गर्दा नोभेल कोरोना भाइरस COVID-19 संक्रमण, रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले पाँचौ चरण २०७७ जेष्ठ ०५ गते सम्म लकडाउन गरेकोले सो अवधि सम्मका दिनहरुमा आ–आफ्नो वडा बासीहरु तथा नगरबासी सबैलाई लकडाउन पूर्ण पालना गर्नमा सहयोग पुर्‍याई निम्नानुसार गर्ने/गराउने निर्णय गरियो ।

तपशिल

- यस नगरपालिका भित्र संघीय सरकार, प्रदेश सरकारबाट समयमा नै सम्पन्न गर्नु पर्ने कार्यक्रम तथा आयोजना निर्माणका कार्यहरुमा भीडभाड नहुने, साबुनपानीले हात धुने, माक्स र स्यानिटाइजरको प्रयोग गर्ने र कामदारहरु बीच न्यूनतम १ मिटरको भौतिक दूरी कायम हुने गरी कार्य थालनी गर्न सहजीकरण गर्ने ।
- नगरपालिकाबाट आ.व. २०७६/०७७ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार संचालन गर्नु पर्ने संवेदनशील एवम वर्षादको समय भन्दा अघि नै सम्पन्न गर्नु पर्ने आयोजना तथा कार्यक्रमलाई संचालन गर्न सम्बन्धित वडाहरुले व्यवस्था मिलाउने ।
- निजी आवास तथा भवन निर्माण गर्न भौतिक दुरी कायम हुने गरी आवश्यक व्यवस्था मिलाउने ।
- भारतबाट यस नगरक्षेत्र भित्र प्रवेश गर्ने जो कोही नागरिकलाई पनि अनिवार्य रुपमा क्वारेन्टाइनमा बस्ने व्यवस्था मिलाउने । सो को लागि आ-आफ्नो वडामा रहेका विद्यालयहरुलाई क्वारेन्टाइन निर्माणको लागि आवश्यक समन्वय गर्ने ।
- आर्थिक कारोवार सञ्चालन गर्ने बैंक तथा वित्तिय संस्थाहरुबाट साताको ३ (तीन) दिन ( आईतवार, मंगलवार र विहिवार) भीडभाड नहुने, माक्स र स्यानिटाइजरको प्रयोग गर्ने र ग्राहकहरु बीच न्यूनतम १ मिटरको भौतिक दूरी कायम हुने गरी विहान १०:०० वजे देखि २:०० वजे सम्म बैंक तथा वित्तिय संस्था सञ्चालन हुने भएकोले सो को जानकारी गराउने ।
- नगरक्षेत्र भित्र अत्यावश्यक काममा (कामको पहिचान गरी) निस्कद वडा कार्यालयबाट सुरक्षा निकायको समन्वयमा वडावासीहरुलाई सवारी पास उपलब्ध गराउने ।

*निर्णय नं. २:*

प्रस्ताव नं. २ माथि छलफल गर्दा नोभेल कोरोना भाईरस COVID-19 को माहामारीले गर्दा लकडाउनको अवधिमा नगरक्षेत्र भित्र बसोबास गर्ने दैनिक ज्याला मजदुरी गर्ने पिडित घर परिवारको प्रथम र दोस्रो चरणमा प्राप्त विवरण अनुसार राहत वितरण गर्ने कार्य सम्पन्न भएको र नेपाल सरकार मन्त्रीपरिषदको मिति: २०७७/०१/२४ को बैठकको निर्णयानुसार लकडाउन मिति: २०७७/०२/०५ सम्म कायम भएकोले पुन: तेस्रो चरणको राहत वितरण गर्न वडा कार्यालयबाट नाम नामेसी विवरण माग गर्ने निर्णय गरियो ।

*निर्णय नं. ३:*

प्रस्ताव नं. ३ माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०७६/०७७ का लागि नगरसभाबाट स्वीकृत नगर स्तरिय योजनाहरुको सन्दर्भमा चालु आ.व. मा सम्पन्न हुन नसक्ने देखिएका साथै विश्वव्यापी माहामारीको रुपमा फैलिएको नोभेल कोरोना भाइरस (कोभिड-१९) को कारण प्रभावित क्षेत्रहरुको लागि राहत सुविधा प्रदान गर्ने नेपाल सरकार, मन्त्रीपरिषदको निर्णय कार्यान्वयन कार्ययोजना, २०७६ वमोजिम देहायका शीर्षकबाट देहायवमोजिमको रकम रकमान्तर गर्न वडा कार्यालयहरुबाट सिफारिस भै आएकोले उल्लेखित रकम प्रकोप व्यवस्थापन कोषमा रकमान्तर गर्ने निर्णय गरियो ।

तपसिल:

| शिर्षक परिबर्तन गरिएका वडास्तरीय योजनाहरु | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.स. | योजना क्र.स. | साविक योजनाको नाम र स्थान | विनियोजित वजेट | परिवर्तित योजनाको नाम | रकमान्तरमा विनियोजित वजेट | बाँकी रकम रु. |
| १ | २१२ | विविध (कार्यालय संचालन तथा प्रशासनिक खर्च) वडा नं. १० | ३३४४५०.० | विपन्न परिवारलाई राहत वितरण | ५४०००.० | २८०४५०.० |
| २ | १९२ | विपद व्यवस्थापन तथा भैपरी खर्च वडा नं. ०९ | १५०७११.० | विपन्न परिवारलाई राहत वितरण | १५०७११.० | |
| | | जम्मा | | | | |

*निर्णय नं. ४:*

प्रस्ताव नं. ४ माथि छलफल गर्दा प्रकोप व्यवस्थापन कोषमा हाल सम्म प्राप्त भएको नगद तथा जिन्सी आय-व्ययको विवरण देहायवमोजिम जानकारी लिईयो ।

तपशिल

| क्र.सं. | विवरण | नगद रु. | जिन्सी सामान रु. | खर्च रकम रु. |
|---|---|---|---|---|
| १. | प्रकोप व्यवस्थापन कोष | १००००००/- | कर्मचारी पेश्की | १५००००/- |
| २. | सहयोग संकलन | २३९४६०९/- | जिमिरेभार ट्रेडर्स | ९९९१३५/- |
| ३. | प्रदेश सरकार | १५०००००/- | झरना डिजिटल छपाई | २२६४५/- |
| ४. | रकमान्तर | ५००००००/- | क्वी ईन्टरनेसनल | १२६००८/- |

| | | | | |
|---|---|---|---|---|
| ५. | | | समुन्द्र मेडिको फार्म | १०९७९५/- |
| ६. | | | सुविधा ट्रेडर्स | १०८५७१/- |
| ७. | | | हयात मेडिको डिष्ट्रीव्युटर्स | ३००५२२/- |
| ८. | | | गैह्रे सोप एण्ड क्लिनर ईन्डष्ट्रिज | ११०२३ |
| ९. | | | रुरु गंगा जनरल स्टोर्स | ३५५१५/- |
| १०. | | | सवारी भाडा (पैदलयात्रु) | २६१२००/- |
| ११. | | | न्यू सुवेदी ट्रेडर्स | ९०८४४९/- |
| १२. | | | धुर्वतारा ट्रेडर्स | ५०००००/- |
| १३. | | | न्यू भिजन मिडिया | १८०००/- |
| १४. | | | एम्वुलेन्स खर्च | ४०००/- |
| १५. | | | पैदल यात्रु खाना वनाउने ज्याला खर्च | २९२७०/- |
| १६. | | | पैदल यात्रु यातायात खर्च | २४०००/- |
| १७. | | | बुटवल मिडिया प्रा.लि | १५०००/- |
| १८. | | | माकर बहुमुखी कृषि सहकारी संस्था | १००००००/- |
| १९. | | | मधुवन बहुउद्धशीय सहकारी संस्था | ५०००००/- |
| २०. | | | महोमद राईस मिल | ४७५०००/- |
| २१. | | | फिसटेल सप्लायर्स | ११००१३/- |
| २२. | | | आगजनी पिडित | ९००००/- |
| २३. | | | पैदल यात्रु खाना/नास्ता तरकारी | १२०३०/- |
| | जम्मा | ९८९४६०९/- | जम्मा | ५७१९२९७/- |
| | बाँकी | ४१७५३१२/- | | |

**वस्तुगत सहायता**

| क्र.सं. | विवरण | आय तर्फ के.जी. | व्यय तर्फ के.जी |
|---|---|---|---|
| १ | चामल | १०४८५ के.जी | ९७८५ के.जी |
| २ | दाल | ३०० के.जी | ३०० के.जी |
| ३ | नून | ३०० पोका | ५५ पोका |
| ४ | तेल | ५५ लिटर | ५५ लिटर |
| ५ | सावुन | २०४ वटा | २०४ वटा |
| ६ | क्लोरिन र ब्लीचिंग पावडर | १२५ के.जी | १२५ के.जी |
| ७ | पि.पि.ई | ४३ थान | ४३ थान |
| ८ | माक्स | ५५० पिस | ५५० पिस |
| ९ | बाल्टी/मग | ५/५ थान | ५/५ थान |

*निर्णय नं. ५:*

प्रस्ताव नं. ५ माथि छलफल गर्दा भूमि सम्बन्धी समस्या समाधान आयोगले आफ्नो कामलाई प्रभावकारी रुपमा अगाडि बढाउन विस्तृत योजना तयारीको लागि भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन र प्रमाणिकरण गर्ने सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ४१० मिति: २०७७/०१/२६ को पत्र मार्फत उल्लेख भै आएकोले सो पत्रका साथ प्राप्त भएको विवरण संकलन फाराम भरी पठाउनको लागि सम्बन्धित वडा कार्यालयहरुबाट विवरण माग गर्ने निर्णय गरियो ।

*निर्णय नं. ६:*

प्रस्ताव नं. ६ माथि छलफल गर्दा स्थानीय तहमा दीर्घकालिन महत्वका एक/एक वटा खेलकुद पूर्वाधार (खेलग्राम) निर्माणका लागि नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयको मिति: २०७६/११/११ को मन्त्रीस्तरीय निर्णय अनुसार छनौट भएका आयोजनाहरुमा यस नगरपालिकाको लागि रु. ५०,००,०००/-(रुपैया पचास लाख मात्र) रकम विनियोजन भएकोले सो रकमबाट विगत लामो सयम देखि खेलकुदको क्षेत्रमा प्रयोग हुदै आएको यस बर्दघाट नगरपालिका वडा नं. ०४ स्थित क्याम्पाचौरमा रहेको खेलमैदानको तारजाली कम्पाउण्डलाई वाहीर पारी खेलमैदान निर्माण गर्न उपभोक्ता समिति गठन गरी कार्य अगाडि बढाउने निर्णय गरियो ।

*निर्णय नं. ७:*

प्रस्ताव नं. ७ माथि छलफल गर्दा स्थानीय तहबाट सञ्चालन तथा व्यवस्थापन हुने आधारभूत तह कक्षा-८ को परिक्षा सञ्चालन भइरहेको अवस्थामा विश्वव्यापी माहामारीको रुपमा फैलिएको नोभेल कोरोना भाइरस (कोभिड-१९) को संक्रमण, रोकथाम र नियन्त्रणको क्रममा परिक्षा सम्पन्न नहुदै विचैमा स्थगन भएकोले सो परिक्षा नियमित रुपमा हाल संचालन गर्ने परिस्थिति नरहेकोले पूर्व आधारभूत तह कक्षा-८ (BLE) लाई आधार मानी आन्तरिक मूल्याँकनको प्रकृयाबाट नतिजा तयार गरी पेश गर्न बर्दघाट नगरपालिकाका आधारभूत तह (कक्षा-८) उतीर्ण परिक्षा सञ्चालन व्यवस्थापन समिति र नगर शिक्षा समितिलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

*निर्णय नं. ८:*

प्रस्ताव नं. ८ माथि छलफल गर्दा आ.व. २०७६/०७७ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत कामका लागि पारिश्रमिकतामा आधारित सामुदायिक आयोजना कार्यान्वयन गर्ने सन्दर्भमा विभिन्न वडाहरुबाट सामुदायिक आयोजना छनौट गरी स्वीकृतीको लागि पठाइएकोमा हाल केही आयोजनाहरु कार्यान्वय गर्न स्वीकृत भै आएकोले यस नगरपालिकामा आवेदन दिने व्यक्तिहरुबाट वेरोजगार व्यक्तिहरुको प्राथमिकिकरण गरी निजहरुलाई लाभग्राही परिचयपत्र जारी गरेर मात्र काममा खटाउनु पर्ने प्रावधान वमोजिम कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ वमोजिम आयोजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

*निर्णय नं. ९:*

प्रस्ताव नं. ९ माथि छलफल गर्दा आ.व. २०७६/०७७ का लागि स्वीकृत बार्षिक कार्यक्रम अनुसार सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने क्रममा केही आयोजना तथा कार्यक्रमहरु सम्झौता भै कार्यान्वयन चरणमा रहेको केही सम्झौता हुन बाँकी रहदाको अवस्थामा नोभेल कोरोना भाइरस COVID-19 संक्रमण, रोकथाम तथा नियन्त्रण गर्न नेपाल सरकारले पाँचौ

चरण २०७७ जेष्ठ ०५ गते सम्म लकडाउन घोषणा गरेको कारण कतिपय आयोजना तथा कार्यक्रमको सम्झौताको समयावधि समाप्त भएकोले सबै आयोजना तथा कार्यक्रमको म्याद यही २०७७ साल आषाढ १५ सम्म थप गर्ने निर्णय गरियो ।

*निर्णय नं. १०:*

प्रस्ताव नं. १० माथि छलफल गर्दा बर्दघाट नगरपालिका वडा नं. ०४ निवासी डण्डपानी भण्डारीको घरमा रहेको परालको टौवामा मिति:२०७७/०१/२१ मा आगजनी हुदा करिव २ (दुई) ट्रक पराल जलेर नष्ट भएकोले निजलाई क्षतिपूर्ति उपलव्ध गराई दिनु हुन भनि बर्दघाट नगरपालिका, ०४ नं. वडा कार्यालयको च.नं. ३२५२ मिति: २०७७/०१/२४ को सिफारिस तथा ईलाका प्रहरी कार्यालय, बर्दघाटको जानकारी गराईएको बारेको पत्र साथ निजले क्षतिपूर्ति पाउँ भनि निवेदन पेश गरेकोले निजलाई आर्थिक सहयोग वापत रु.१५,०००/-(रुपैया पन्ध्र हजार मात्र) रकम उपलव्ध गराउने निर्णय गरियो ।